नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

फोन: २२३५८०, २६२६९६, २६९७३६, २६२८०२, २६२९८७, २६२४६८, २६२५४३

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय २०६१

रामशाहपथ,
काठमाडौं, नेपाल

पत्र संख्या:- ०७१/०७२
च.नं. :-

मितिः २०७२/०२/०५

बिषय : <u>उद्धारकर्ता, घाईते एवं आमनागरिकहरुलाई जानकारीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्ती</u>

भूकम्प पिडित तथा घाईतेहरुको उद्धार, उपचार तथा बिपद पश्चात हुने प्रकोप तथा रोगहरु रोकथामको लागि मिति २०७२/०२/०५ गतेसम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट देहाय बमोजिमका क्रियाकलापहरु भएको कुरा सम्बन्धित सबैको जानकारीको लागि प्रेषित गरिन्छ ।

१. राष्ट्रिय तथा अन्तराष्ट्रिय उपचार टोलीहरुको परिचालन, अनुगमन तथा बैठकः

- ब्यबस्थापिका संसदबाट गठित केन्द्रिय अनुगमन समितका अध्यक्ष सम्माननीय सभामूखज्यूको नेतृत्वमा माननीय सभासदज्यूहरु समेत आउनु भई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यस अवसरमा गरेको क्रियाकलापको जानकारी लिनु भयो ।यस क्रममा उँहाले आपतकालीन स्वास्थ्य कार्य संचालन केन्द्र (Health Emergency Operation Center-HEOC) को क्रियाकलाप बारेमा अनुगमन गर्नु भयो । सो अवसरमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिब श्री शान्त बहादुर श्रेष्ठज्यू र HEOC का सदस्य सचिव डा. गुणराज लोहनीले भूकम्पबाट प्रभावित घाइते र विरामीहरुको उपचार तथा व्यवस्थापन सम्बन्धमा हालसम्म मन्त्रालयले गरेको क्रियाकलाप र तत्कालिन कार्ययोजनाका बारेमा बिस्तृत रुपमा जानकारी गराउनु भयो । यसका साथै सम्माननीय सभामूखज्यू र माननीय सभासदज्यूहरुले उठाएका जिज्ञांशाहरुको बारेमा पनि छलफल तथा अन्तरक्रिया गर्नु भयो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले घाइतेहरुको उपचार र ब्यवस्थापन गर्दा देखिएका समस्या र समाधानको उपायको बारेमा समेत माननीय सभासदज्यूहरुले राय सुझाब लिनु भयो ।
- सम्मानीय सभामूखज्यू तथा माननीय सभासदज्यूहरुले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले घाइतेहरुको उपचार र ब्यवस्थापन सम्बन्धमा गरेका कामहरुको लागि धन्यबाद दिनुभयो ।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तगर्तका बिभिन्न निकायहरुका कर्मचारीहरुलाई भूकम्प पछिको समयमा मनो सामाजिक अवस्थाको बारेमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव श्री शान्त बहादुर श्रेष्ठज्यूको नेतृत्वमा प्रशंसात्मक जीवनशैली (Appreciative Inquiry) सम्बन्धि अभिमुखिकरण कार्यक्रम संचालन गरियो ।

२. उपकरण र औषधिः

- "Direct Relief Doctors For You" नामक संस्थाबाट ५ वटा X-Ray Machines आपूर्ति ब्यवस्था महाशाखालाई सहयोगस्वारुप प्राप्त भयो ।
- काठमाडौं स्थित एक्सन वर्क नेपाल, मनमोहन अस्पताल र ललितपुरको नबजीबन केन्द्रले आपूर्ति ब्यवस्था महाशाखाबाट भूकम्पबाट प्रभावित क्षेत्रमा सहयोगको लागि आपतकालिन औषधिहरु बितरण गरिएको जानकारी प्राप्त भयो ।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पबाट प्रभावित जिल्लाका बिभिन्न स्वास्थ्य संस्थाहरुमा आवश्यकता अनुसार निरन्तर रुपमा सम्पर्कमा रही आवश्यक औषधि र उपकरणहरु पठाईरहेको छ ।

३. स्वास्थ्यकर्मीको ब्यवस्था र अन्य विषयः

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पवाट प्रभावित विरामी तथा घाइतेहरुको उपचार तथा सूचनाको उपलब्धतामा सहजताका लागी टोल फ्री नं १६६००१३३४४ संचालनमा ल्याएको छ । यदि कुनै ठाँउबाट स्वास्थ्य सम्बन्धि जानकारी लिन वा दिन परेमा माथिदिएको टोल फ्रि नम्बरमा २४ सै घण्टा सम्पर्क गर्नु हुन अपिल गरिएको छ ।

डा. गुणराज लोहनी
सदस्य सचिव एवं प्रबक्ता
विपद व्यवस्थापनको लागि केन्द्रिय समन्वय समिति, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय